# श्री
# धनुषा जिल्ला अदालत
## प्रशासन शाखा

Email: info.dcdhanusha@dcourt.gov.np
फोन नं. ०४१-४२०२४५

सुचना प्रकाशित मितिः-२०७७।९।१२

**समाज सेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञको सूचिकृत सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा बाल न्याय सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ को उपदफा (१) बमोजिम समाज सेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञको नामावली सूचिकृत गर्ने प्रयोजनार्थ बाल न्याय सम्पादन (कार्यविधि)नियमावली,२०७६ को नियम १३ ले समाजसेवी र नियम १४ ले बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता सम्बन्धी विषयलाई मध्यनजर गरी समाज सेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञको रोस्टर खडा गर्नु पर्ने भएकोले देहायको योग्यता पुगेका व्यक्तिले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र १ प्रति फोटो समेत संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस अदालतमा दरखास्त दिनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

गंगा कुमार मिश्र
शाखा अधिकृत

<u>योग्यताः</u>

**१ बाल मनोविज्ञ वा बाल विशेषज्ञः**

-मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,

-मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञानका सम्बन्धमा कम्तीमा २ महिनाको तालीम प्राप्त गरेको र

-फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

**२ समाजसेवीः**

-मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालबिकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,

-मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा सामाजसेवाका सम्बन्धमा कम्तीमा १ महिनाको तालीम प्राप्त गरेको र

-फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।